नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ८३

मितिः-२०८१/०५/२५

ने.सं.११४४ जलाथ्व ०७

विषयः- आवश्यक कार्यार्थ सम्वन्धमा।

श्री गाउँपालिका (सवै)।

श्री नगरपालिका (सवै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखाको च.नं. प्र./३११/१०३३, मिति २०८१/०५/१९ को आवश्यक कार्यार्थ सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रशासन शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

श्री प्रदेशीय मामिला शाखा २११८४
५/२४

(प्रशासन शाखा)

श्री संघीय मामिला महाशाखा

०८१/८२
प/३११/ ७०३३

सं. मा. न.
१४३
५/२४

सामान्य प्रशासन मन्त्रालय
२३०
०८१/५/२४

मिति:- २०८१/०५/१९
नेपाल सम्वत् ११४४

विषय: आवश्यक कार्यार्थ ।

श्रीमान् सचिवज्यू, मन्त्रालय/आयोग/निकाय (सबै) ।
श्रीमान प्रमुख सचिवज्यू,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।

सम्माननीय प्रधानमन्त्रीज्यूबाट श्रीमान् मुख्यसचिवज्यूलाई सो पदमा नियुक्त हुनुभएकोमा बधाई तथा शुभकामना सन्देश दिने क्रममा नागरिक सन्तुष्टि दिलाउने गरी प्रभावकारी कार्यसम्पादन गर्न मार्गनिर्देशन गर्नु भएको व्यहोरा अवगत नै छ। सो मार्गनिर्देशन बमोजिम श्रीमान् मुख्यसचिवज्यूबाट मिति २०८१/०५/१६ गते देहाय बमोजिमको निर्णय भएकोले आवश्यक कार्यार्थ तहाँ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

देहायः

१. संघ, प्रदेश र स्थानीय तह बीच अन्तरतह र अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाउन विद्यमान संवैधानिक, कानुनी र प्रशासनिक संयन्त्रलाई तत्काल सक्रीय बनाउनका लागि नेपाल सरकारका सबै सचिव, प्रदेशका प्रमुख सचिव र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई लेखी पठाउने र सोको प्रतिवेदन मासिकरूपमा यस कार्यालयमा पेश गर्न लगाउने।
२. शासकीय प्रवन्ध, विकास प्रशासन तथा सार्वजनिक सेवा प्रवाहको व्यवस्थापनमा तत्काल रूपान्तरण गरी नतिजामुखी, झन्झटरहित र कम लागतयुक्त बनाउन "डाटा दौडिने तर व्यक्ति कार्यालय कार्यालय दौडिन नपर्ने गरी" डिजिटलाईजेसन लगायत अत्याधुनिक प्रविधि उपयोग र सोको अन्तरआवद्धता गर्ने लगायतका विशिष्टिकृत ज्ञान र प्रविधिको प्रयोग गरी नागरिकमैत्री बनाउनका लागि नेपाल सरकारका सबै सचिवहरूलाई सात दिनभित्र कार्ययोजना तयार गरी यस कार्यालयमा पेश गर्न लगाउने। साथै, प्रदेश प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई यसै बमोजिम कार्ययोजना तयार गरी कार्यान्वयन गर्न लेखी पठाउने।

(भविश्वर पाण्डे)
उपसचिव

श्री संघीय मामिला महाशाखा
श्री प्रशासन महाशाखा